# स्थानीय राजपत्र

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

**खण्ड १ बुटवल, फाल्गुण २९ गते, २०७४ साल संख्या ९**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ

## भाग ३

### ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७४

**१. परिचयः**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान सीप क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्धारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूचि ८ को क्र.सं १६ बमोजिमको कार्य गर्न ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७४ जारी गरिएको छ ।

**२. परिचय पत्र वितरणका आधार :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय पत्र वितरणका आधार हुनेछन् ।

**३. उद्देश्य :**

क. ज्येष्ठ नागरिकको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने।

ख. नेपालको संबिधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गिकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थानमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग. प्रचलित ऐन, नियमानुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, दक्षता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागि गराउने ।

**४. लक्षित वर्ग :**

ज्येष्ठ जागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५. ज्येष्ठ नागरिकको वर्गिकरण :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको बर्गिकरण देहाय बमोजिम हुनेछ :

क. सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक,
ख. सत्तरी वर्ष उमेर पुरा गरेको बरिष्ठ ज्येष्ठ नागरिक,
ग. असहाय ज्येष्ठ नागरिक,
घ. अशक्त ज्येष्ठ नागरिक,

**६.परिचय पत्र वितरण मापदण्डः**

ज्येष्ठ नागरिक सम्वन्धी नियमावली २०६५ को नियम १५ वमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्न सकिनेछ ।

**७.ज्येष्ठ नागरिक परिचय पत्रको ढांचाः**

ज्येष्ठ नागरिक सम्वन्धी नियमावली २०६५ को अनुसूची ३ वमोजिमको ढांचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय पत्रको ढांचा यस निर्देशिकाको अनुसूची १ वमोजिम हुनेछ । ज्येष्ठ नागरिक परिचय पत्रको आकार (SIZE) नेपाली नागरिकताको प्रमाणपत्रको आकार वरावरको हुनेछ । साथै ज्येष्ठ नागरिक परिचय पत्र प्राप्तीका लागि पेश गरिने निवेदनको ढांचा यसै निर्देशिकाको अनुसूचि २ वमोजिम हुनेछ ।

**८.परिचय पत्र वितरण प्रक्रियाः**

क) ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्वन्धित वडाका वडाध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ ।

ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि एवं अन्य जिल्लाको नागरिकताको हकमा वसाइसराई प्रमाणपत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न गर्नुपर्नेछ । उमेर प्रयोजनको लागि नागरिकताको प्रमाणपत्र लाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्ने अधिकारी सम्वन्धित वडा कार्यालयका वडासचिवको जिम्मेवारी वहन गर्ने पदाधिकारी हुनेछ ।

घ) परिचय पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिए वमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी संवन्धित वडा कार्यालयमा राखी चौमासिक रुपमा वुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा प्रतिवेदन वुझाउनुपर्नेछ । उक्त लगत वार्षिक रुपमा प्रदेश र संघको संवन्धित मन्त्रालयमा जानकारी गराउनुपर्नेछ ।

ङ.) ज्येष्ठ नागरिक परिचय पत्रको प्रतिलिपि लिन संवन्धित प्रहरी कार्यालयको सिफारिश वा वडा कार्यालयको सिफारिशमा परिचय पत्र वितरण गर्ने अधिकारी समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

## ९. विविध

क) ज्येष्ठ नागरिक परिचय पत्र वितरणका लागि थप कार्यविधि र स्पष्टता आवश्यकता महसुस गरेमा नगर कार्यपालिकाले आफै निर्धारण गर्नेछ ।

ख) ज्येष्ठ नागरिक परिचय पत्र वितरण सम्वन्धमा माथि उल्लेखित व्यवस्था वाहेक अन्य द्वविधा भएमा प्रचलित कानूनको अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे वमोजिम हुनेछ ।

ग) यो निर्देशिका नगर कार्यपालिकाको वैठकवाट निर्णय भएपछि लागु हुनेछ । यो निर्देशिका जारी हुनुभन्दा अघि जारी भएका ज्येष्ठ नागरिक परिचय पत्र वितरण सम्वन्धी कार्य यसै निर्देशिका वमोजिम भएको मानिनेछ ।

### अनुसूची १

ज्येष्ठ नागरिक परिचय - पत्रको ढाँचा

ज्येष्ठ नागरिक परिचय - पत्र
प.प.नं.
नाम थर ....................................
ना.प्र.नं.
जिल्ला ...................... गा.प./न.पा. .........................
वडा नं........... टोल/गाऊ ................
उमेर ........... लिङ्ग ...............
उपलब्ध छुट तथा सुविधाहरु .....................
पति/पत्नीको नाम .........................
हेरचाह केन्द्रमा बसेको भए सोको बिवरण ....................................
संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल
नं...........................................................
रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिरहेको औषधिको नाम:
....................................

प्रमाणित गर्ने अधिकृतको
दस्तखत :
नाम थर :
पद :
कार्यालय :

अनुसुचि २

फोटो

श्रीमान् वडाध्यक्ष ज्यू
......नं. वडा कार्यालय
वुटवल उपमहानगरपालिका
प्रदेश नं. ५, रुपन्देही

मितिः

विषयः ज्येष्ठ नागरिक परिचय पत्र पांऊं ।

उपरोक्त संवन्धमा ज्येष्ठ नागरिक सम्वन्धी ऐन २०६३ वमोजिम म ..................... ............. ज्येष्ठ नागरिक भएको हुंदा ज्येष्ठ नागरिक सम्वन्धी नियमावली २०६५ को नियम १५ र ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७४ मा व्यवस्था भए वमोजिम सोही कार्यविधिको अनुसूचि २ वमोजिमको ढांचामा ज्येष्ठ नागरिक परिचय पत्र उपलव्ध गराई पाउं भनी तपसिलको व्यक्तिगत अभिलेख विवरण समेत भरी देहाय बमोजिमका कागजात सहित पेश गरेको छु ।

**ज्येष्ठ नागरिकको व्यक्तिगत अभिलेख विवरण**

१.ज्येष्ठ नागरिकको व्यक्तिगत विवरण

क) ज्येष्ठ नागरिकको व्यक्तिगत नाम थरः ख) वावु तथा आमाको नाम थर :

ग) पति /पत्नीको नाम थरः घ) जन्म मिति र स्थानः

ड.) ठेगानाः

अ) स्थायी ठेगानाः च) लिङ्ग...

छ) नागरिकता प्र.प.नं.

ज) स्वास्थ्य संवन्धि विवरण (रक्त समूह,कुनै विशेष रोग, शारिरीक अपाङ्गता वा दीर्घरोग भए खुलाउने)

२.ज्येष्ठ नागरिकको परिवार सम्वन्धी विवरणः

क) जम्मा सन्तति संख्याः अ) छोरा संख्याः आ) छोरी संख्याः

ख) परिवारका सदस्य सम्वन्धी विवरण

(छोरा, वुहारी, छोरी मध्ये सगोलको सदस्यलाई प्राथमिकताक्रम अनुसार राख्ने)

| क.सं | नाम थर | उमेर | नाता | व्यवसाय | ठेगाना | सगोलको | छुटिइ भिन्न वसेको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

घ) अन्य पारिवारिक पृष्ठभूमिः

ङ.) हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः

३. ज्येष्ठ नागरिकको शैक्षिक योग्यता र पेशागत दक्षताः

क) शैक्षिक योग्यताः ख)पेशागत दक्षताः ग) अनुभवको क्षेत्रः

४.ज्येष्ठ नागरिकको सम्पत्ति विवरणः क) चल सम्पत्ति ख) अचल सम्पत्ति

५. सम्पर्क गर्ने व्यक्तिको नाम थर ठेगाना र मोवाइल नं....

६. पेश गरेका कागजातहरुः क. नागरिकता प्रमाणपत्रको प्रतिलिपि

ख. बाह्य जिल्लाको नागरिकताको प्रमाणपत्र भएको हकमा बसाई सराई प्रमाणपत्रको प्रतिलिपि

निवेदकः

दस्तखत

नाम थरः

आज्ञाले

प्रमाणीकरण मितिः २०७४/१०/०९

**भरत मणी पाण्डे**

**प्रमुख प्रशासकीय अधिकृत**